जडिबुटी बीमालेख नं. ०१

प्राधिकरणबाट जारी मितिः२०७९।०८।१८

**................................इन्स्योरेन्स कम्पनी लिमिटेड**

## टिमुर खेती बीमालेख

(लागत र उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको टिमुर खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ..........बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "टिमुर खेती बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "**अप्रत्यक्ष क्षति**" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) **"अभिलेख"** भन्नाले यस बीमालेखमा उल्लेख भएको टिमुर खेतीको लागि आवश्यक पर्ने रोपणको लागि प्रयोग गरिने बिउ, बिरुवाको विवरण र उत्पादन अवस्था, नर्सरीको विवरण, रोपणको लागि प्रयोग हुने बिरुवाको विवरण, गोडमेल, मलजल, सिंचाई, अन्तरबाली, तालिमी, काँटछाट, फल टिपाई र अन्य खेती सम्बन्धी गतिविधिहरुको विवरण कायम गरेको अभिलेख सम्झनु पर्छ।

(ग) "**उचित स्याहार**" भन्नाले यस बीमालेखको टिमुर खेतीको प्राविधिक व्यवस्थामा उल्लेख भएका प्रावधानहरूको परिपालन गरिएको अवस्था सम्झनु पर्छ।

(घ) **"प्राविधिक जाँच सिफारिस"** भन्नाले बीमा गर्न प्रस्तावित टिमुर खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ङ) "**प्राविधिक**" भन्नाले एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि वा वनस्पति विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि वा वनस्पति विज्ञान

विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा सो सरहको परीक्षा उत्तिर्ण गरेको वा प्राविधिक बिषय जस्तै कृषि वा वनस्पति विज्ञान लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा कृषि वा वनस्पति विज्ञानमा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(च) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्रप्राप्त बीमा कम्पनी सम्झनु पर्छ।

(छ) **"बीमा अवधि"** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ज) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम टिमुर खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(झ) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने टिमुर खेती बीमालेख सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसँग संलग्न कागजातहरू सम्झनु पर्छ।

(ञ) **"बीमाशुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको टिमुर खेतीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(ट) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ठ) **"बीमा गरिएको वस्तु"** भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको टिमुरको बोट वा फल वा दुवैलाई सम्झनु पर्छ।

(ड) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(ढ) **"टिमुर खेती"** भन्नाले यस बीमालेखमा उल्लेख भए बमोजिम गरिने टिमुरको खेती सम्झनु पर्छ।

(ण) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षति बा पत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(त) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने , सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(थ) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको टिमुर खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) **"लापरवाही"** भन्नाले बीमितले बीमा गरिएको वस्तुको उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।

(ध) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी वा नोक्सानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(न) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(प) **"क्षति मूल्याङ्कनकर्ता"** भन्नाले बीमा गरिएको वस्तुमा भएको क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ।

(फ) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले टिमुरको बोट वा फल वा बोट र फल दुवै नाश भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## रक्षावरण

३. रक्षावरणः देहायका कारणबाट बीमा गरिएको टिमुर खेतीमा बीमा अवधिभित्र उल्लेखित क्षति भएमा बीमकले बीमाङ्क रकमको सीमाभित्र रहि क्षतिपूर्ति प्रदान गर्नेछः

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्निको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति

(२) असिना वा हिउँको कारणले भएको क्षति

(घ) मौसमजन्य क्षतिः

(१) खडेरीको कारणले भएको क्षति

(२) तुसारोको कारणले भएको क्षति

(ङ) भूमिजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

(च) चट्याङ्जन्य क्षतिः

(१) चट्याङको कारणले भएको क्षति

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षतिः

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर वा खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति

(ज) रोग वा किराजन्य क्षतिः

(१) रोगको कारणले भएको क्षति

(२) किराको कारणले भएको क्षति

४. अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु. २,००,०००।- (अक्षरेपी दुई लाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढंको हड्डी काम नलाग्ने भएमा,

(ग) एउटा हातको नाडीदेखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) कुनै एउटा खुट्टाको गोलीगाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

## परिच्छेद-३

## अपवाद

५. अपवादः (१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(क) अप्रत्यक्ष क्षतिः खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायबाट पुर्याकइएकोक्षतिः अधिकार प्राप्त निकायको आदेशमा खेती नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोर वा अवशेष को संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रसायनिक तथा जैविक हतियारः आणविक, रसायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) अन्य क्षतिः देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(क) टिमुर खेतीको सम्बन्धमा सत्यतथ्य कुरा लुकाई , छिपाई झुठ्ठा विवरण दिएको पाइएमा।

(ख) बीमा गरिएको वस्तु हराएमा वा चोरी भएमा ।

(ग) बीमितले वा निजको एकाघरका परिवार का स दस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारण ले टिमुर खेतीमा क्षति पुर्याइ एमा।

(घ) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट टिमुर खेतीमा क्षति भएमा।

## परिच्छेद-४

## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः (१) बीमालेख जारी गर्नु पूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमकले बीमालेख जारी गर्न पाइने छैन।

७. प्राविधिक जाँच सिफारिस : (१) बीमकले पूर्णरूपमा भरेको प्रस्ताव फाराम साथ अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित टिमुर खेती प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधिभित्र बीमा गर्न सिफारिस गरेको वस्तुको कम्तीमा एकपटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-३ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भए पश्चात बीमा गरिएको वस्तुको पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्ध हुनेछ।

८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ टिमुर खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रयाएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. बीमालेख रद्द हुने अवस्थाः (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछ:

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरेको,
(घ) बीमा गरेको वस्तु त्याग गरेको,
(ङ) गैरकानूनी तवरले बीमा गराएको,
(च) बीमायोग्य हित कायम नभएको,
(छ) बीमितले लिखित रूपमा बीमालेख रद्द गर्न अनुरोध गरेमा,

**(२)** कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितला ई सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ।

**(३)** बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

**(४)** उपदफा (१) को खण्ड (६) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितला ई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नुपर्नेछ र अनुदान प्राप्त हुने बीमितला ई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

**(५)** यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वास्तविक मूल्य भन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको भएमा त्यस्तो बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी प्राधिकरणमा तुरून्त दिनु पर्नेछ।

१०. <u>योगदानः</u> (१) यस बीमालेखबाट बीमा गरिएको टिमुर खेतीको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको टिमुर खेतीको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो टिमुर खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

११. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको टिमुर खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

तर, उप दफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले गरेको टिमुर खेतीको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको अवस्थामा बीमकलाई तीसदिनभित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

१३. <u>बीमालेखको पुनर्स्थापनाः</u> टिमुर खेती बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. <u>बीमालेखको अवधिः</u> (१) टिमुर खेती बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी समय उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि एक (१) वर्षको हुनेछ।

(४) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(५) टिमुर खेतीको बीमा बीस वर्ष उमेर सम्मको बोटको गर्न सकिनेछ।

(६) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१५. <u>बीमकको कर्तव्यः</u> देहायका शर्त लगायत यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछः-

(क) बीमकले आफूले गर्ने टिमुर खेतीको बीमाङ्क टिमुर खेती गणना तालिका अनुसार गर्नुपर्नेछ।

(ख) बीमितद्वारा पूर्णरूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा गर्नुपर्नेछ।

(ग) बीमालेख जारी गर्नु पूर्व बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँचवटा स्थिर फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(घ) बीमाङ्क गणना गर्दा कम वा बढी बीमाङ्क रकम कायम गरी बीमालेख जारी गर्नु हुँदैन।

(ङ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

(च) टिमुर खेती बीमालेख लिने बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुर्याउनु हुँदैन।

(छ) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(ज) बीमकले यस बीमालेख बमोजिम टिमुर खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

१६. <u>बीमितको दायित्वः</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्णरूपले पालना गर्नु पर्नेछ।

(२) बीमा गरिएको वस्तु वा बिषयवस्तुको उचित स्याहार, रेखदेख, निगरानी, गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१७. <u>आंशिक बीमा गर्न नपाइनेः</u> एकै क्षेत्रफलमा लगाइएको टिमुर खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद ५

## <u>बीमाङ्क तथा बीमाशुल्क</u>

१८. <u>बीमाङ्क निर्धारणः</u> (१) यस बीमालेख बमोजिम गरिने टिमुर खेतीको बीमाङ्क निर्धारण गर्दा **अनुसूची-४** बमोजिम टिमुर खेती बीमाङ्क निर्धारण तालिकालाई आधार मान्नु पर्नेछ।

(२) यस बीमालेख अन्तर्गत टिमुर खेतीको बीमा लागतको र उत्पादनको आधारमा गर्न सकिनेछ।

(३) बीमाङ्क रकम कायम गर्दा यस बीमालेखमा उल्लेख भएको लागत तथा वनस्पति विभागबाट तोकेको मुल्यलाई आधार मानिनेछ।

१९. बीमाशुल्क गणनाः (१) यस बीमालेख बमोजिम गरिने टिमुर खेतीको बीमाशुल्क गणना गर्दा लागतको आधारमा तीन (३) प्रतिशत र उत्पादको आधारमा पाँच (५) प्रतिशत बीमाशुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिम टिमुरको बीमाशुल्क गणना देहायका **तालिका क, ख र ग** मा उल्लेखित सुत्रलाई आधार मानेर गर्नुपर्नेछ।

### क. लागतको आधारमा टिमुर खेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | टिमुर बोटको बीमाङ्क = टिमुर बोटको संख्या × प्रति बोटको लागत मूल्य | | | रू.... "क" |
| २. | टिमुर खेतीको बीमाशुल्क = क × बीमाङ्क रकमको ३ % (तीन प्रतिशत) | | | रू.... "ख" |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा "०" राख्ने | | | रू.... "ग" |
| ४. | छुट पछिको रकम (ख– ग) | | | रू.... "घ" |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को ..... %) | | | रू.... "ङ" |
| ६. | जम्मा बीमाशुल्क = घ – ङ | | | रू.... "च" |
| ७. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या "अ" | बीमाशुल्क (रु. ५००) "आ" | (अ × आ )<br>रू.... "छ" |
| | | ……… | ……… | |
| ८. | बीमितले तिर्नुपर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू.... |

### ख. उत्पादनको आधारमा टिमुर खेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | रकम |
|---|---|---|
| १. | उत्पादन (फल) को बीमाङ्क = टिमुर बोटको संख्या × प्रति बोटले उत्पादन गर्ने फल (के.जी.) × फलको मूल्य प्रति के.जी. | रू.... "क" |
| २. | टिमुर फलको बीमाशुल्क = क ×बीमाङ्क रकमको ५ % (पाँच प्रतिशत) | रू.... "ख" |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा "०" राख्ने | रू.... "ग" |
| ४. | छुट पछिको रकम (ख– ग) | रू.... "घ" |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को ..... %) | रू.... "ङ" |
| ६. | जम्मा बीमाशुल्क = घ– ङ | रू.... "च" |

| | | | | |
|---|---|---|---|---|
| ७. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या "अ"<br>……… | बीमाशुल्क (रु. ५००) "आ"<br>……… | (अ × आ )<br>रू.... "छ" |
| ८. | बीमितले तिर्नु पर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू.... |

### ग. लागत र उत्पादन दुवैको आधारमा टिमुर खेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | टिमुर बोटको बीमाङ्क = टिमुर बोटको संख्या × प्रति बोटको लागत मूल्य | | | रू.... "क" |
| २. | टिमुर खेतीको बीमाशुल्क = क × बीमाङ्क रकमको ३ % (तीन प्रतिशत) | | | रू.... "ख" |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ……%)<br>नभएमा "०" राख्ने | | | रू.... "ग" |
| ४. | छुट पछिको रकम (ख– ग) | | | रू.... "घ" |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को ….. %) | | | रू.... "ङ" |
| ६. | जम्मा बीमाशुल्क (लागत) = घ– ङ | | | रू.... "च" |
| | | | | |
| ७. | उत्पादन (फल) को बीमाङ्क = टिमुर बोटको संख्या × प्रति बोटले उत्पादन गर्ने फल (के.जी.) × फलको मूल्य प्रति के.जी. | | | रू.... "छ" |
| ८. | टिमुर फलको बीमाशुल्क = छ×बीमाङ्क रकमको ५ % (पाँच प्रतिशत) | | | रू.... "ज" |
| ९. | प्रत्यक्ष छुट भएमा (ज को ……%)<br>नभएमा "०" राख्ने | | | रू.... "झ" |
| १०. | छुट पछिको रकम (ज– झ) | | | रू.... "ञ" |
| ११. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (ञ को ….. %) | | | रू.... "ट" |
| १२. | जम्मा बीमाशुल्क (उत्पादन) = ञ – ट | | | रू.... "ठ" |
| १३. | जम्मा बीमाशुल्क = च+ ठ | | | रू.... "ड" |
| १४. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या "अ"<br>……… | बीमाशुल्क (रु ५००) "आ"<br>……… | (अ × आ )<br>रू.... "ढ" |
| १५. | कूल जम्मा बीमाशुल्क = ड+ढ | | | रू.... |

<u>द्रष्टव्यः</u> टिमुर रोपण गरेको ५ (पाँच) वर्षसम्म लागतको आधारमा मात्र बीमा गरिनेछ र रोपणको पाँच बर्ष पछि उत्पादन (फल) वा लागत (बोट) वा दुवैको आधारमा बीमा गर्न सकिनेछ ।

(३) यस बीमालेख बमोजिम टिमुर खेतीको बीमाशुल्क गणना गर्दा अनुसूची ५ बमोजिमको बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिकामा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ ।

(४) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमाशुल्क प्रति बीमित पाँचसय रूपैयाँ लाग्नेछ।

(५) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (४) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क लाग्नेछ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र टिमुर खेती थप गर्नु परेमा त्यसरी थप गरिने टिमुर खेतीको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२१. सामूहिक बीमाः (१) टिमुर खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी ग रेपश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै टिमुर खेतीको अभिलेख कायम गर्नुपर्नेछ।

(४) सामूहिक रूपमा गरिएको टिमुर खेती बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-६ बमोजिम राख्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

२२. बीमाशुल्क भुक्तानी: (१) बीमितले अनुदान बाहेकको बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

## परिच्छेद-६
## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. पालना गर्नुपर्ने व्यवस्थाः (१) टिमुर खेतीको बीमा गर्दा देहायका प्राविधक पक्षहरू पालना गरेको हुनुपर्नेछ ;

(क) टिमुर खेतीको बीमा बेर्ना रोपेको तीन महिना पछि बीमा गर्नुपर्नेछ।

(ख) समुन्द्र सतहबाट एक हजार देखि दुई हजार पाँच सय मिटरसम्मको उचाइमा प्राङ्गारिक तत्व प्रशस्त भएको खुकुलो बलौटे तथा निकासको राम्रो सुविधा भएको माटोमा टिमुर खेती गरिएको हुनुपर्नेछ।

(ग) टिमुरको बिउबाट उत्पादित बिरुवालाई रोपण सामग्रीको रुपमा प्रयोग गरिएको हुनुपर्नेछ।

(घ) टिमुरको बिरूवा २०–२५ से.मी. उचाइ तथा कम्तीमा पनि चारवटा पात भएको वा कम्तिमा एक वर्ष पुगेको हुनुपर्नेछ।

(ङ) बिरुवा सार्नु पहिले नै ३० –४५ से.मी. गहिरो, ३०–४५ से.मी. व्यास भएको खाडलहरू कम्तीमा ३ x३ मिटरको दुरीमा खन्नुपर्नेछ, उक्त खाडलमा सिफारिस मात्रामा कम्पोष्ट मल राख्नुपर्नेछ।

(च) टिमुरको खेती गर्दा अधिकतम प्रति हेक्टर १,००० बिरुवा रोपण गरिएको हुनुपर्नेछ।

(छ) सिंचाईको उपलब्धता भएको खण्डमा र आकासे पानी परेको खण्डमा फाल्गुन देखि चैत्रमा र अन्य अवस्थामा मनसुन सुरु हुनु अघि जेष्ठ देखि आषाढ महिनामा बिरुवा रोपण गरिएको हुनुपर्नेछ।

(ज) रोपणको लागि प्रयोग हुने बिरुवा तयार गरिएको विधि, प्राप्त गरेको मिति, नर्सरी अथवा फार्मको जानकारी अभिलेख कायम गरिएको हुनुपर्नेछ।

(झ) बीमितले आफ्नै नर्सरीमा बिरुवा उत्पादन गरेको हकमा बिउ कम्पनी वा कृषक वा सहकारी, बिउको स्रोत , बिउ राखेको मिति र स्थानको जानकारी अभिलेख कायम गरिएको हुनु पर्नेछ।

(ञ) रोपण गरेको बिरूवामा नियमित सिंचाई तथा गोडमेल गरिएको हुनुपर्नेछ।

(ट) टिमुर रोपेको ४ देखि ५ वर्षसम्म टिमुर बोटको तालिमी गर्नुपर्दछ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "तालिमी" भन्नाले फल नलाग्ने अवस्था सम्मको बोटलाई चारवटै दिशामा हाँगाहरु बराबर कोणमा फैलाई धेरै उत्पादन लिन र बोटको आकार बलियो बनाउनका लागि गरिने विधिलाई बुझाँउछ।

(ठ) टिमुरको फल टिपिसकेपछि मलखाद हाल्नु अघि अनिवार्य रुपमा काटछाँट (मरेको, अल्झिएको, रोगी, बाक्लो तथा अनावश्यक हाँगा हटाउने) गरिएको हुनुपर्नेछ र हाँगा काट्दा मुना आउने आँख्लो भन्दा कम्तीमा एक इन्च माथिबाट काटिएको हुनुपर्नेछ।

(ड) टिमुर खेतिसङ्ग प्रतिस्पर्धा नगर्ने तथा रोग र किराहरुलाई आश्रय नदिने खालका बालीहरु (एक वर्ष भित्र उत्पादन दिने बालीहरु मात्र) अन्तरबालीको रुपमा लगाउन सकिनेछ।

(ढ) फल टिप्दा हाँगा नभाँची फल टिपेको हुनुपर्नेछ।

(ण) बीमा गरिएको टिमुर खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख , स्याहार सम्भार तथा उपचार गराई सो को प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

(त) टिमुर खेती गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनुपर्नेछ।

## परिच्छेद -७
## दावी

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट टिमुर खेतीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट जानकारी गराउनु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः (१) बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) कम्तीमा पाँचजना छिमेकको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई),

(घ) स्थानीय तहको वडा कार्यालयको कृषि तथा जडिबुटी सम्बन्धी सेवा दिने शाखा र त्यस्तो सेवा दिने शाखा वडामा नभएको अवस्थामा वडा कार्यालयको सिफारिस,

(ङ) सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

(२) दावी भुक्तानीका लागि बीमकले बीमालेख बमोजिमका अन्य आवश्यक कागजात माग गर्नुपर्ने भएमा उपदफा (१) बमोजिमका कागजातहरू संगै माग गर्नु पर्नेछ।

२६. दावीः (१) लागतको आधारमा गरिएको टिमुर खेतीको दावी अनुसूची-८ बमोजिम दावी भुक्तानी तालिकालाई आधार लिई गरिनेछ।

(२) उत्पादनको आधारमा गरिएको टिमुर खेतीको दावी उत्पादनको आधारमा गरिनेछ।

(३) उत्पादन (फल) र लागतको (बोट) दुवैको आधारमा गरिएको टिमुर खेतीमा बीमा दावी परेमा उपदफा (१) र उपदफा (२) लाई आधार लिई गरिनेछ।

तर, एक सिजनको फल टिपिसकेपछि पुनः अर्को सिजनमा फल लाग्न चाहिने अवधिभित्र बोटमा कुनै क्षति भएमा लागतको आधारमा मात्रै दावी गर्न सकिनेछ।

(४) बीमा अवधिभित्र बीमा गरिएको टिमुर खेतीमा असी प्रतिशतभन्दा बढी क्षति भएमा पूर्ण क्षति (टोटल लस) अनुसार दावी भुक्तानी गरिनेछ।

२७. दावी फछ्र्यौटः (१) बीमकले आफू समक्ष परेको टिमुर खेतीको बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भए पछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्दछ।

(३) बीमकले उपदफा (१) बमोजिम टिमुर खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसङ्गै संलग्न गरेको हुनुपर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थि तिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्ताला ई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची -९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनुपर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने सोको कारण सहित लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घ टना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

परिच्छेद -८

## विविध

२८. अधिकः यस बीमालेख अन्तर्गत कुल दावी योग्य रकमको पाँच प्रतिशत वा रू. दश हजार मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

२९. न्यूनतम क्षेत्रफल: (१) टिमुर खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटि बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ।

**(२)** उपदफा (१) बमोजिम बीमा गरिने सम्पत्ति भएको जग्गाको कित्ता नं. र कित्ता नं. नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा ऐलानी जग्गा जनाउने स्थानीय तहले दिएको संकेत नं. लगायतका प्रमाण लिनुपर्नेछ।

३०. विवाद समाधानः (१) देहायको अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी वापतको निवेदन अस्वीकार गरेमा,

(ख) बीमकले दावी वापतको रकम दिन अस्वीकार गरेमा वा,

(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा ,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

**(२)** बीमा दावीको उजुरी सम्बन्धमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्चअदालतमा पुनरावेदन गर्न सक्नेछ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -१**

**(दफा ६ सँग सम्बन्धित)**

## टिमुर खेती बीमाको प्रस्ताव फाराम

(१) टिमुर खेती बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः...........................................

(२) पूरा ठेगानाः प्रदेश..................जिल्ला..................पालिका................. वडा नं................

टोलः ................... मोबाइल नं. .........................फोन नं. .................... ईमेल.........................................

पेशाः.........................................................

(३) प्रस्तावित बीमाको किसिमः (चिनो लगाउनुहोस्)

(क) लागतमा आधारित ( )

(ख) उत्पादनमा आधारित ( )

(४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः-

| क्र.सं. | टिमुर खेतीको प्रकार | | रोपण सामग्रीको प्रकार | बोटको उमेर | क्षेत्रफल | बोटहरु बीचको दूरी | जम्मा बोट संख्या | बीमा गर्ने बेलाको प्रतिबोट उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | बिउ बिरुवा | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(५) टिमुर खेती लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः

प्रदेश..................जिल्ला...................पालिका ...............वडा नं.................टोलः..................

कित्ता नं. ..................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं........................( ऐलानी जगाको हकमा)

जग्गाको क्षेत्रफलः.................................

खेति गरिएको जग्गाको प्रकृति (क) समथर ☐ (ख) भिरालो ☐ (ग) कान्लो ☐ (घ) डिल ☐

(६) टिमुर खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(७) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः

समूह वा बीमालेख धारकको नामः .......................................... टिमुर लगाइएको स्थान....................................

ठेगानाः प्रदेश....................जिल्ला..................पालिका.................. कित्ता नं.....

फोन नं.......................... मोबाइल नं. ........................इमेल.................................................

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. ……(ऐलानी जग्गाको हकमा) ..............वडा नं. ........टोलः.........

(८) टिमुर रोपण गरेको मितिः ........................

(९) टिमुर लगाउनु पूर्व लगाएको बालीको विवरण ........................

(१०) टिमुर खेतीको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने उक्त बालीको नाम उल्लेख गर्नुहोस्..............................

(११) सिंचाईको उपलब्धता भए, नभएको उल्लेख गर्नुहोस् ..........................

(१२) प्रति बोट टिमुरमा मलखाद प्रयोगको स्थितिः

कम्पोष्ट मल (के.जी.) ...........................

युरीया (ग्राम) .....................

डी.ए.पी. (ग्राम) .......................

पोटास (ग्राम) ..........................

अन्यः ..............................

(१३) टिमुर खेतीका लागि प्राविधिक सरसल्लाह कहाँबाट प्राप्त गर्नु भएको छ? ..............................

(१४) टिमुर खेती सम्बन्धी तालिम लिनुभएको छ? यदि छ भने तालिम दिने संस्थाको नाम, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस् ।

..................................................................................................................................................

(१५) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ? यदि छ भने कहाँबाट के के प्राप्त गर्नुभएको छ?

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

(१६) तपाईले यस अधि गर्नु भएको टिमुर खेतीमा किरा वा रोग लागेको थियो?.............................................................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो?

...........................................................................................

(१७) यदि किरा वा रोगबाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१८) यस अघि कुनै बीमा कम्पनीमा टिमुर खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो? उल्लेख गर्नुहोस्।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(१९) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त टिमुर खेतीमा लगानी गरेको छ वा छैन? यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ................................................................

प्रदेश..................जिल्ला..................पालिका..............................वडा नं.................टोलः....................

फोन नं./ मोबाइल नं...............................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................अक्षरेपी ................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, टिमुर खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौँ। मैले/हामीले बीमासङ्ग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:

मितिः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -२**

**(दफा ७ सँग सम्बन्धित)**

**<u>प्राविधिकको जाँच सिफारिसपत्र</u>**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) टिमुर खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः...........................................................

(२) पूरा ठेगानाः प्रदेशः...............................जिल्ला. ....................पालिका...................वडा नं. ..............................

टोलः.................... फोन नं. ................. मोबाइल नं. ................................ ईमेल.......................................

(३) पेशाः ..................

(४) टिमुरको जातः ………………

(५) बीमाको लागि प्रस्तावित जम्मा बोट संख्याः .............

(६) टिमुर लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेशः............................जिल्ला.......................पालिका...................................................................

वडा नं. ............... टोलः................कित्ता नं. ..................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं............ (ऐलानी जग्गाको हकमा )

जग्गाको क्षेत्रफलः.................................

खेति गरिएको जग्गाको प्रकृति (क) समथर☐ (ख) भिरालो☐ (ग) कान्लो ☐ (घ) डिल ☐

(७) टिमुर लगाईएको जग्गाको भौगोलिक अवस्थितिः-

(क) भौगोलिक क्षेत्र

पहाड ☐ उच्च पहाड ☐

(ख) समुन्द्र सतहबाट टिमुर खेती गरिएको जग्गाको उचाईः ..................

(ग) जग्गाको मोहडाः.................

(घ) सिंचाईको उपलब्धता छ ☐ छैन ☐

(८) मरेका बिरुवाहरुको ठाउँमा नया बिरुवा रोप्ने, गोडमेल गर्ने, मल दिने तथा काटछाँट गर्ने लगायत अन्य नियमित व्यवस्थापनका कामहरु गरिएको छ कि छैन ? ……………………………

(९) टिमुरको बोटहरुको बीचमा अन्तरबाली लगाएको भए बालीको नाम ..........................

(१०) प्रतिबोट प्रयोग गरिएको मलखादको मात्रा ....................................

(११) टिमुरको बोटहरुमा कुनै रोग/कीराको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस। ...............................................................

(१२) त्यस क्षेत्रमा विगतमा टिमुर खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग वा कीराबाट क्षति भएको हो? उल्लेख गर्नुहोस् .............................................................

(१३) टिमुर खेतीमा खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस्।

.................................................................................................................................................................

(१४) टिमुर खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ? .........................

ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?......................................

(१५) टिमुर खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.................................................................................................................................................

यस अनुसूचीमा उल्लिखित टिमुर खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ (२) सँग सम्बन्धित)**

**<u>प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन</u>**

(१) टिमुर खेती बीमित (व्यक्ति वा संस्था) को नामः.........................................................

(२) टिमुर खेती बीमालेख नः

(३) बीमा गरिएको अवधि

(४) टिमुर खेती गरिएको स्थानः

प्रदेशः...............................जिल्ला. ....................पालिका..................वडा नं. ..............................

टोलः....................

(५) टिमुर खेतीको क्षेत्रफलः

(६) टिमुर खेतको बीमा गर्दाको समयमा बोट संख्याः

(७) टिमुर बोटको उमेर...........

(८) टिमुर खेतीको अवस्थाः

क. हुर्केको टिमुर बोटको संख्या ...............................

ख. मरेको टिमुर बोटको संख्या .................................

ग. चोरी भएको वा हराएको भए बोटको संख्या .......................................................

ग. फल टिपाई पछिको विरूवाको अवस्था (फल लागेको टिमुरको बोटको हकमा) चोटपटक लागेको वा हाँगाविगा भाच्चिएको, लछारिएको वा काटिएको छ वा छैन ? ...................................... यदि छ भने कस्तो अवस्थामा छ उल्लेख गर्नुहोस् ।

........................................................................................................................................................

(९) टिमुर खेतीको उचित स्याहारः

क. मलजल गरेको वा नगरेको ......................

ख. मलखादको विवरण ......................

ग. सिँचाई गरेको वा नगरेको ............................

घ. सिँचाईको अन्तराल ..................................

ङ. तालिमी वा काँटछाट गरेको वा नगरेको ..............................

च. अन्तरबाली लगाएको वा नलगाएको ..................................

छ. अन्तरवाली लगाएको भए कुन कुन प्रकारका बाली र कुन अवधिमा लगाइएको ...............................

ज. एक बर्षे बाली भन्दा अरू बाली लगाएको वा नलगाएको ..............................................

झ. रोग र किरा लागेको वा नलागेको .............................................

ञ. रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको .................

ट. रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ...............................

ठ. रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको ..............................

(१०) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको विरूवाको विस्तृत विवरण

..........................................................................................................................................................

..........................................................................................................................................................

(११) टिमुर खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव।

..........................................................................................................................................................

..........................................................................................................................................

(१२) टिमुर खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव।

..........................................................................................................................................................

..........................................................................................................................................................

यस अनुसूचीमा उल्लिखित टिमुर खेतीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)**

**टिमुर खेती बीमाङ्क निर्धारण तालिका**

| **लागतमा आधारित** | | |
|---|---|---|
| **उमेर (वर्ष)** | **प्रति बोट उत्पादन लागत खर्च (रू)** | **प्रति बोट संचयी लागत (रू.)** |
| रोपेको वर्ष (१२ महिना सम्मको बोट) | २६० | २६० |
| १–२ वर्षको बोट | २१० | ३७० |
| २–३ वर्षको बोट | २३० | ६०० |
| ३–४ वर्षको बोट | २५५ | ८५५ |
| ४–५ वर्षको बोट | २८० | ११३५ |
| ५–६ वर्षको बोट | ३०५ | १४४० |
| ६–७ वर्षको बोट | ३४० | १७८० |
| ७–८ वर्षको बोट | ३७५ | २१५५ |
| ८–९ वर्षको बोट | ४१० | २५६५ |
| ९–१० वर्षको बोट | ४५० | ३०१५ |
| १० बर्ष माथि | ५०० | ३५१५ |

***द्रष्टव्यः-*** यो लागत वनस्पति विभागद्वारा आ.ब. २०७८/७९ लाई आधार मानि निर्धारण गरिएको हो।

| **उत्पादनमा आधारित** | | |
|---|---|---|
| **बोटको उमेर** | **उत्पादन (के.जी/ बोट) सुकेको फलको बोक्रा** | **मूल्य(रू/के.जी)** |
| ५ वर्ष पूरा भएको बोट | १.० | |
| ६ वर्ष पूरा भएको बोट | २.० | |
| ७ वर्ष पूरा भएको बोट | ३.५ | |
| ८ वर्ष पूरा भएको बोट | ५.० | |
| ९ बर्ष पुरा भएको बोट | ६.५ | |
| १० बर्ष पुरा भएको बोट | ८.० | |
| ११ बर्ष पुरा भएको बोट | ९.५ | |
| १२ बर्ष पुरा भएको बोट | ११.० | |
| १३ बर्ष पुरा भएको बोट | १३.५ | |
| १४ बर्ष पुरा भएको बोट | १४.५ | |
| १५ बर्ष पुरा भएको बोट | १५.० | |

***द्रष्टव्यः-*** मूल्य रू/के.जी वनस्पति विभागले निर्धारण गरे अनुसार हुनेछ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-५

**(दफा १९ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका</u>**

| | |
|---|---|
| टिमुर बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br><br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br><br>नागरिकता जारी गरिएको जिल्ला/संस्थाको हकमा संस्था दर्ता भएको स्थान.........<br><br>नागरिकता जारी गरिएको मितिः<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र नं.<br><br>किसिम तथा नम्बर....................<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br><br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br><br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br><br>संस्थाको हकमा प्यान नं.<br><br>प्रस्तावकको ठेगानाः<br><br>प्रदेशः.....................जिल्ला..................................<br><br>पालिका....................वडा नं. ............टोल................... घर नं. .........<br><br>फोन नं. ............. ................मोबाइल नं. ...........................<br><br>ईमेल ठेगाना............................ | बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नंः.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नंः.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नंः.<br><br>बीमाङ्क रकम रुः |
| **(खुलाउनु पर्ने)**<br>प्रस्तावित बीमाको किसिमः ....................<br>लागतमा आधारित ( )  उत्पादनमा आधारित ( )<br>बोटको कुल संख्या .................... | **<u>बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा</u>**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि: |

| | |
|---|---|
| बीमा गरिएको बोटको संख्या ....................................... | **टिमुर लगाइएको स्थानः** |
| बोटको उमेर.................................................... | प्रदेशः.................. .................जिल्ला............ |
| क्षेत्रफल ................................... | पालिका...................वडा नं. ...................... टोल........................ |
| जातः................................. | कित्ता नं ........... |
| बीमा प्रारम्भ मितिः ............... | चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) |
| बीमा समाप्ति मितिः............................ | ..................... |
| बीमा अवधिः ................. | |

| **इच्छाईएको व्यक्तिको** |
|---|
| नाम, थरः |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः |
| इच्छाईएको व्यक्तिको बा/आमाको नामः |
| मोबाईल नं. .............. |
| ठेगाना................. |
| ईमेल ........................... |

**टिमुर खेति बीमा गणना तालिका**

| **टिमुर बोट संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
|---|---|---|---|
| (लागतको आधारमा) | | बीमाङ्क रकमको तीन (३) प्रतिशत ................... | रु. “क” |
| (उत्पादनको आधारमा) | | बीमाङ्क रकमको पाँच (५) प्रतिशत ................... | रु. “ख” |
| कुल जम्मा बीमाशुल्क (क + ख ) | | | रु. “ग” |
| प्रत्यक्ष छुट (प्रतिशत खुलाउने) | (......% ) = | | रु. “घ” |
| छुट पछिको बीमाशुल्क | प्रत्यक्ष छुट भएमा (ग – घ) =<br>छुट नभएको हकमा (ग – ०) = | | रु. “ङ” |
| नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत (ङ ×… % ) = | | रु. “च” |
| | बीमितले तिर्ने (ङ – च ) = | | रु. “छ” |
| बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या “अ” ………. | बीमाशुल्क (रु ५००) “आ” ……… | (अ × आ) रू. “ज” ……… |
| **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | छ + ज = रु. …… | | |

बीमालेख स्वीकृत गर्ने अधिकारिको

हस्ताक्षरः

नामः

पदः

मितिः

छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ६**

**(दफा २१ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>टिमुर खेती सामुहिक बीमाको विस्तृत विवरण</u>**

**बीमालेख धारक संस्थाको नाम: ... ... ...**

**बीमालेख धारकको ठेगानाः ... ... ...**

**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको बोटको संङ्ख्या | बीमा गरिएको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सँस्थाको प्रतिनिधिको**

हस्ताक्षर

नाम

पद

सँस्थाको प्यान नं.

छाप

मिति

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

## अनुसूची -७

**(दफा २३ को उपदफा (१) को खण्ड (ण) सँग सम्बन्धित)**

**टिमुर खेती सम्बन्धी प्राविधिक व्यवस्था सम्बन्धी अभिलेख**

**(१) टिमुर खेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| बिरुवा रोपण | | | |
| सिंचाई | | | |
| गोडमल | | | |
| मलखाद | | | |
| तालिमी | | | |
| काँटछाँट | | | |
| अन्तरबाली लगाएको | | | |
| फल टिपाई | | | |
| अन्य | | | |

**(२) रोपणको लागि प्रयोग गरिने बिरुवाको विवरण**

| क्र. सं. | विरूवा खरिद गरेको अवस्थामा | | विरूवा आफैंले उत्पादन गरेको अवस्थामा | | |
|---|---|---|---|---|---|
| | बिरुवा प्राप्त गरेको मिति | नर्सरीको नाम तथा ठेगाना | माउ बोटको उमेर | माउ बोटको औसत उत्पादन (के.जी.) | बिरुवा तयार गरेको विधि |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(३) टिमुर उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण

| मिति | उत्पादन परिमाण (के.जी.) | घरायसी उपयोगको परिमाण (के.जी.) | बिक्री परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| कुल | | | | |

**द्रष्टव्यः** प्रतिबोट लिएको उत्पादन (के.जी.) = कुल उत्पादन परिमाण (के.जी.)/ कुल बीमा गरिएका बोट संख्या

(४) विषादीको प्रयोग

| बिषादी प्रयोग गरेको मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको स्रोत (आफैंले बनाएको/ किनेको) | खरिद गरेको भए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ८**

**(दफा २६ सँग सम्बन्धित)**

**लागतको आधारमा बीमा गरिएको टिमुर खेतीको बीमा दावी भुक्तानी तालिका**

| **विवरण** | **वास्तविक क्षति प्रतिशत (प्रतिबोट कायम बीमाङ्कको )** | **कैफियत** |
|---|---|---|
| बिरूवा रोपण गरेको वर्ष (१२ महिनासम्म) | ८५ | |
| १–२ वर्षको बोट | ९० | |
| २–३ वर्षको बोट | ९० | |
| ३–४ वर्षको बोट | ९५ | |
| ४–५ वर्षको बोट | ९५ | |
| ५ वर्ष पूरा भएको बोट | १०० | |

**द्रष्टव्यः-** लागतको आधारमा प्रदान गरिने दावीको हकमा बीमकले दावी भुक्तानी प्रदान गर्दा बास्तविक क्षति (प्रति बोट कायम बीमाङ्कको) प्रतिशतमा दावी रकम निर्धारण गरी त्यसबाट अधिक रकम कट्टा गरी दावी भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची- ९**

**(दफा २७ को उपदफा (४ र ७) सँग सम्बन्धित)**

**टिमुर खेती क्षति मूल्याङ्कन प्रतिवेदन**

१. **क्षति मूल्याङ्कनका लागि तोक्ने बीमकको नाम**

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. र मिति .............

२. **क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नाम**

सम्पर्कः........................................................................................................................................................

प्यान (PAN) नं. .............................. कोड नं..... ...............................................

फोन नं. ................. मोबाइल नं. .................................इमेल..................................

३. **क्षति मूल्याङ्कन गर्ने स्थानको पूरा ठेगानाः**

प्रदेशः...................जिल्ला...............पालिका ...................वडा नं............. टोलः....................

क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः................................

क्षति मूल्याङ्कनका लागि लागेको अवधिः

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

४. **दावी कर्ताको विवरणः**

बीमा दावीकर्ताको नामः ..........................................

ठेगानाः .............................................

बीमालेख नं. ...............................................

क्षति भएको बीमाको किसिमः आंशिक ☐ पूर्ण ☐

५. **क्षति सम्बन्धी विवरणः**

क्षति भएको मितिः ...........................................क्षति भएको समयः ...........................................

क्षति भएको बोटको अवस्थाः उत्पादन नहुँदै ☐ उत्पादन हुन थालेपछि ☐

६. **क्षति हुनुको कारणः ..........................................................................................**

**७. क्षतिको मूल्याङ्कनः**

| **लागतको आधारमा भएको क्षतिको मूल्याङ्कन** | |
|---|---|
| **विवरण** | **गणना** |
| **बीमा भएको टिमुर खेतीको क्षेत्रफलः** | ............................. |
| **जम्मा बीमा भएको बोट संख्याः** | ............................. |
| **क्षति भएको जम्मा बोट संख्याः** | .............................. |
| **प्रतिबोट लागत मूल्य रू.** | .................................... |
| **कुल क्षति मूल्य रू** | (क्षति भएको जम्मा बोट संख्या * प्रतिबोट लागत रू * वास्तविक क्षति प्रतिशत) / १०० |
| **अधिक रकम (रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ)** | .......................... |
| **खुद क्षति मूल्य** | कुल क्षति मूल्य रू. – अधिक रकम |

| **उत्पादनको आधारमा भएको क्षतिको मूल्याङ्कन** | |
|---|---|
| **विवरण** | **गणना** |
| **बीमा भएको टिमुर खेतीको क्षेत्रफलः** | ............. |
| **जम्मा बीमा भएको बोट संख्याः** | .............. |
| **क्षति भएको बोट संख्याः** | ................................. |
| **प्रतिबोट उत्पादन क्षति (के.जी.) =** | (प्रतिबोट उत्पादन (के.जी.) - प्रति बोट लिएको उत्पादन (के.जी.)) |
| **कुल उत्पादन क्षति (के.जी.)** | कुल क्षति भएको बोट संख्या * प्रतिबोट उत्पादन क्षति (के.जी.) |
| **प्रति के.जी. मूल्य रू.** | .......................................... |
| **कुल क्षति रकम रू.** | खुद उत्पादन क्षति (के.जी.) × मूल्य रू. प्रति के.जी. ................. |
| **अधिक रकम (रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ)** | ......................... |
| **खुद क्षति रकम रू.** | कुल क्षति रकम रू. - अधिक रकम रू. |

८. स्थिर फोटो संख्या (कम्तीमा पाँचवटा) .........................................................

९. कम्तीमा एक मिनेटको भिडियो क्लिप .............................................

माथि उल्लिखित टिमुर खेतीमा भएको क्षति सम्बन्धमा क्षति मूल्याङ्कन गर्दा लिइएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा प्राप्त भएका तथ्यगत जानकारी तथा विवरणहरू ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| **क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः ............................................

सम्पर्क नं............................................

कोड नं./

दर्ता नं./तालिम इजाजतपत्र नं. ......................................

हस्ताक्षरः

संस्थाको हकमाः

प्यान नं.: ....................

मितिः......................